बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

हेटौडा, नेपाल

## प्रस्ताव आह्वानको सूचना

### प्रथम पटक प्रकाशन मितिः २०८२/०८/२६

**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, बागमती प्रदेश, हेटौंडाको** चालु आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रम कार्यान्वयन गर्न व्यवसायिक रुपमा पशुपालन तथा मत्स्य क्षेत्रमा आबद्ध आवेदकहरुबाट दरखास्त आह्वानको लागि यो २१ (एक्काइस) दिने सूचना प्रकाशन गरिएको छ । सूचना प्रकाशित मितिले दरखास्त दिने अन्तिम दिनको कार्यालय समय भित्र आइपुग्ने गरी तपसिलमा उल्लेखित कागजात सहित सम्बन्धित पशु सेवा कार्यालय वा यस निर्देशनालयमा प्रस्ताव दर्ता गर्नु हुन सूचित गरिन्छ। साथै रित नपुगी दर्ता भएका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट प्रक्रियामा समावेश गरिने छैन ।

| क.स | कार्यक्रमको नाम | कुल बजेट | इकाई | परिमाण | साझेदारी | कार्यविधि | अन्तिम मिति |
|---|---|---|---|---|---|---|---|
| १. | कृषि ज्ञान रत्न प्रवर्द्धन कार्यक्रम | १ करोड ४० लाख | जना | १४ | चालु तर्फ (बढिमा ५० प्रतिशत) र पूँजीगत तर्फ (बढिमा ८० प्रतिशत) | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | मिति २०८२/०९/१७ गते सम्म |
| २. | सहकारीबाट सञ्चालित दुग्ध चिस्यान केन्द्रहरुलाई विद्युत खपत महसुलमा ५० प्रतिशत सहुलियत | ३५ लाख | पटक | १ | बढिमा ५० प्रतिशत | | |
| ३ | मत्स्यपालक कृषक/व्यवसायी हरुलाई विद्युत खपत महसुलमा ५० प्रतिशत सहुलियत | ८ लाख ४० हजार | पटक | १ | बढिमा ५० प्रतिशत | | |
| ४ | राँगा/भैंसीको मासु निर्यातका लागि जोन निर्धारित क्षेत्रमा पाडापाडीपालन प्रोत्साहन कार्यक्रम (मकवानपुरको बकैया र बागमती र सिन्धुलीको हरिहरपुरगढी र मरिण गाँउपालिका मात्र) | ७८ लाख ४० हजार | संख्या | ४ | कार्यविधि अनुसार | | |
| ५ | पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (**स्टार्टअप ग्राट**) Meat/Fish Mart स्थापना गर्न इच्छुक आवेदकहरुलाई मात्र | ७० लाख | पटक | १ | ५० प्रतिशत | कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) कार्यान्वयन कार्यविधि, २०८२ | |
| ६. | एक जिल्ला एक विशेष पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम (रामेछाप, दोलखा, सिन्धुपाल्चोक, ललितपुर, नुवाकोट र चितवन जिल्ला मात्र) | २ करोड १० लाख | संख्या | ६ | चालु तर्फ (बढिमा ५० प्रतिशत) र पूँजीगत तर्फ (बढिमा ८० प्रतिशत) | एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ | |

डा. गौरीमान श्रेष्ठ
निर्देशक

प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
बागमती प्रदेश
हेटौंडा, नेपाल

आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु

१)सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि,
२)कृषक समूह/सहकारी/निजी उद्यमी दर्ता र PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि,
३)गत आ.व.को लेखा परिक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि वा अन्य कुनै प्रमाणित कागज
४)कृषक समूह/सहकारी संस्थाको हकमा गत आ.व को साधारण सभाको बैठक निर्णय प्रतिलिपि,
५)जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ (पाँच) वर्षको करार सम्झौता पत्र,
६)कार्यक्रममा सहभागी गराई दिने सम्बन्धमा सम्बन्धित स्थानीय तहको सिफारिस

कृषि ज्ञान रत्न प्रवर्द्धन कार्यक्रमका लागि संलग्न गर्नुपर्ने कागजातहरु

१ न्यूनतम स्नातक अध्ययन पुरा गरेको शैक्षिक योग्यता खुल्ने शैक्षिक प्रमाणपत्रको प्रतिलिपि
२.अनुसूची-४ बमोजिमको कार्य योजना,
३.अनुसूची-५ बमोजिमको प्रतिवद्धता पत्र,
४.अनुसूची-६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा

विद्युत महसुलमा अनुदान कार्यक्रमका लागि संलग्न गर्नुपर्ने कागजातहरु

१. सम्बन्धित स्थानीय निकायको पशुपन्छी/मत्स्यपालनमा विद्युत प्रयोग गरेको ग्राहक नम्बर सहितको सिफारिसपत्र
२. आ.व. २०८१/०८२ को विद्युत महसुल तिरेको रसिदको प्रतिलिपि

राँगा/भैंसीको मासु निर्यात लागि जोन निर्धारत क्षेत्रमा पाडापाडीपालन प्रोत्सन कार्यक्रमका लागि संलग्न गर्नुपर्ने कागजातहरु

१.आवेदकले न्यूनतम तीन वटा पाडापाडी पालन गरेको खुल्ने गरी स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पाडापाडीको संख्या समेत खुलाउनुपर्ने)

पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम( स्टार्टअप ग्रान्ट)का लागि संलग्न गर्नुपर्ने कागजातहरु

१.आवेदकको उमेर १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्ने
२ अनुसूची-२ बमोजिमको निवेदन
३.अनुसूचि-३ बमोजिमको प्रस्ताव
४.अनुसूचि-४ बमोजिमको प्रतिवद्बता पत्र
५.आवेदकले मान्यताप्राप्त शैक्षिक संस्थाबाट न्यूनतम SEE वा शो सरहको शैक्षिक योग्यता हासिल गरेको खुल्ने प्रमाणपत्रको प्रतिलिपि

एक जिल्ला एक विशेष पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम(रामेछाप, दोलखा, सिन्धुपाल्चोक, ललितपुर, नुवाकोट र चितवन) का लागि संलग्न गर्नुपर्ने कागजातहरु

१.अनुसूची-५ बमोजिमको निवेदन
२.अनुसूचि-१(ख) को ढाँचा अनुसारको विवरण
३.अनुसूचि-६ बमोजिमको प्रस्ताव पत्र
४. अनुसूचि-७ बमोजिमको प्रतिवद्बता पत्र
५. अनुसूचि-८ बमोजिमको कार्यक्रम सञ्चलन हुने स्थानको नक्सा

पुनश्चः एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२, कृषि, पशुपन्छी तथा मत्स्य व्यवसाय सहयोग कार्यक्रम (स्टार्टअप ग्रान्ट) कार्यान्वयन कार्यविधि, २०८२ र एक जिल्ला एक विशेष कृषि, पशुपन्छी तथा मत्स्य पकेट क्षेत्र कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ यस निर्देशनालयको वेवसाईट dolfd.bagamati.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ । साथै यस निर्देशनालयको सम्पर्क नम्बर ०५७-५२४३१९/०५७-५२४२५४ वा सम्बन्धित जिल्लाका पशु सेवा कार्यालयमा सम्पर्क गरी कार्यक्रमको बारेमा विस्तृत जानकारी लिन सकिने छ ।

डा. गौरीमान श्रेष्ठ
निर्देशक
अधिकृतस्तर एघारौं